# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०५।३० गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

मालपोत कार्यालयहरू ललितपुर, कलंकी, भक्तपुरसमेतमा सेवाग्राही तथा सेवाप्रदायकबीचमा रिसवत लेनदेन हुने गरेको भन्ने समेत ब्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा मालपोत कार्यालय कलंकीका नायव सुब्बा ईश्वरी प्रसाद पोखेलले निज तथा अन्य कर्मचारीहरूसमेतलाई काम गराएवापत रकम दिनुपर्ने र रकम नदिए काममा ढिलासुस्ती गरी सेवाग्राहीसँग विभिन्न बहानामा घुस रिसवत माग्ने गरेकोमा सेवाग्राहीहरू बाध्य भई सोही काम लेखापढी व्यवसायीमार्फत गर्ने गराउने गरेको खुल्न आएकोमा सोही अनुसार लेखापढी व्यवसाय गर्ने आरोपी तुलसी प्रसाद नेपालले निज ईश्वरी प्रसाद पोखेललाई रू.१,०००।—(एक हजार) घुस रिसवत रकम दिएको खुल्न आई निज नायव सुब्बा ईश्वरी प्रसाद पोखेलले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको स्पष्ट देखिएको हुँदा निजलाई विगो रू.१,०००।—(एक हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय गरी दफा ३ को उपदफा (१) वमोजिम विगो जफत हुन मागदावी लिइएको ।

साथै आरोपी तोड्पे तथा सहदेव नेपाल भन्ने तुलसी प्रसाद नेपालले मालपोत कार्यालयका कर्मचारीहरूलाई कुनै पनि काम गराउनको लागि रिसवत दिने गरेको सोही अनुसार नायव सुब्बा ईश्वरी प्रसाद पोखेललाई रिसवत दिएको देखिएकोले निजले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (३) मा परिभाषित कसुर गरेको स्पष्ट देखिएको हुँदा निजलाई विगो रू.१,०००।—(एक हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

**(प्रदीपकुमार कोइराला)**
**प्रवक्ता**